# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३) काठमाडौं, पुष १९ गते २०५० साल (अतिरिक्ताङ्क ५५(क)


## भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बाइसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०५० सालको ऐन नं. ३१

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐ रामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### निजीकरण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना : नेपाल अधिराज्य भित्र सरकारी लगानीबाट संचालित उद्योग, व्यवसायहरुको दक्षतामा वृद्धि गरी उत्पादकत्व बढाउन, प्रतिष्ठानहरुबाट श्री ५ को सरकारलाई परेको वित्तीय तथा प्रशासनिक**


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

भार कम गर्न, प्रतिष्ठानहरुको संचालनमा निजी क्षेत्रको सहभागितामा व्यापक वृद्धि गरी समग्र रुपमा देशको आर्थिक विकास गर्न राष्ट्रिय हितको दृष्टिकोणबाट प्रतिष्ठानहरुलाई निजीकरण गरी व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बाइसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "निजीकरण ऐन, २०५०" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा ,-

(क) "प्रतिष्ठान" भन्नाले श्री ५ को सरकारको आंशिक वा पूर्ण स्वामित्व रहेको कम्पनी, संगठित संस्था, उद्योग वा अन्य कुनै निकाय सम्झनु पर्छ र यो शब्दले त्यस्तो कम्पनी, संगठित संस्था वा उद्योगको स्वामित्व वा नियन्त्रणमा रहेको अन्य कम्पनी, संगठित संस्था, उद्योग वा अन्य कुनै निकाय समेतलाई जनाउँछ ।

(ख) "निजीकरण" भन्नाले प्रतिष्ठानको व्यवस्थापनमा निजी क्षेत्रलाई सहभागिता गराउने, बिक्री गर्ने, भाडामा दिने, सरकारी स्वामित्वलाई जनसाधारणमा लैजाने वा अन्य कुनै माध्यमबाट निजी क्षेत्र वा त्यस्ता प्रतिष्ठानका कर्मचारी, कामदार वा इच्छुक सबै समूहको आंशिक वा पूर्ण सहभागिता गर्ने, गराउने कार्य सम्झनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) "सरकारी क्षेत्र" भन्नाले कुनै प्रतिष्ठानमा श्री ५ को सरकारको प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा पूर्ण वा आंशिक रुपमा स्वामित्व रहेको वा व्यवस्थापनमा सहभागिता रहेको क्षेत्र सम्झनु पर्छ ।

(घ) "निजी क्षेत्र" भन्नाले सरकारी क्षेत्र बाहेकका अन्य क्षेत्र सम्झनु पर्छ ।

(ङ) "समिति" भन्नाले दफा ४ बमोजिम गठन भएको निजीकरण समिति सम्झनु पर्छ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. निजीकरण समितिको गठन : (१) प्रतिष्ठानको निजीकरण गर्ने कार्यलाई व्यवस्थित रुपमा संचालन गर्न निजीकरण समितिको गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने समितिमा देहायका सदस्यहरु रहनेछन्:-

(क) अर्थ मन्त्री वा राज्य मन्त्री -अध्यक्ष

(ख) सभापति, अर्थ समिति (प्रतिनिधिसभा) -सदस्य

(ग) श्री ५ को सरकारले मनोनित गरेको संसद सदस्यहरु दुईजना -सदस्य

(घ) सदस्य,राष्ट्रिय योजना आयोग -सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) सचिव, अर्थ मन्त्रालय -सदस्य

(च) सचिव, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय -सदस्य

(छ) सचिव, श्रम मन्त्रालय -सदस्य

(ज) सचिव, (निजीकरण गरिने प्रतिष्ठानसंग सम्बन्धित मन्त्रालय) -सदस्य

(झ) अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ -सदस्य

(ञ) सह-सचिव, अर्थ मन्त्रालय (संस्थान समन्वय महाशाखा) -सदस्य-सचिव

(३) समितिले आवश्यकतानुसार सम्बन्धित प्रतिष्ठानको प्रमुख, मजदूर प्रतिनिधिहरु तथा ख्यातिप्राप्त अर्थविद्लाई समितिको बैठकमा आमन्त्रण गर्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकार : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) निजीकरणको सम्बन्धमा अर्थ समिति (प्रतिनिधिसभा) को प्रतिवेदनमा उल्लेखित सुझावहरुलाई समेत ध्यानमा राखी निजीकरण-सम्बन्धी कार्यक्रम र प्राथमिकता निर्धारण गरी श्री ५ को सरकार समक्ष सिफारिश गर्ने ।

(ख) निजीकरणसम्बन्धी कार्यक्रमको तर्जुमा गर्न अध्ययन तथा अनुसन्धान गर्ने, गराउने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) प्रतिष्ठानहरुको मूल्यांकन गराई निजीकरणको प्रकृयाको सिफारिश श्री ५ को सरकार समक्ष पेश गर्ने ।

(घ) निजीकरण सम्बन्धी कार्य गर्ने सम्बन्धमा आइपरेका बाधा अवरोध फुकाउने र समन्वय कायम गर्ने ।

(ङ) निजीकरण सम्बन्धमा भएका निर्णय तथा सम्झौताहरुको अनुगमन गर्ने, गराउने ।

(च) निजीकरण गर्ने सम्बन्धमा आवश्यकता अनुसार उप-समितिहरु गठन गर्ने ।

(छ) निजीकरण गर्ने सम्बन्धमा आवश्यक परेमा अन्य कामहरु गर्ने, गराउने ।

५. <u>समितिको बैठक र निर्णय</u> : (१) समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ ।

(२) समितिको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका सदस्यहरुले आफूहरु मध्येबाट छानेको सदस्यले समितिको बैठकको अध्यक्षता गर्नेछ ।

(३) समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(४) समितिको बैठकमा उपस्थित समितिका सदस्यहरु, छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण छुट्टै किताबमा लेखी राख्नु पर्नेछ ।

(५) समितिको बैठकको निर्णय सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) समितिले आवश्यकतानुसार कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. <u>निजीकरण, गर्नको लागि सूचना प्रकाशन गर्नु पर्ने</u> : (१) श्री ५ को सरकारले निजीकरणको लागि वर्गीकृत कुनै प्रतिष्ठानलाई निजीकरण गर्न आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशित भए पछि श्री ५ को सरकारले यस ऐन बमोजिम निजीकरण गरिने प्रक्रियाको निर्धारण गर्नेछ ।

७. <u>प्रतिष्ठानको मूल्यांकन प्रकृया</u> : (१) कुनै प्रतिष्ठानको निजीकरण गर्दा सो प्रतिष्ठानको मूल्याङ्कन सम्बन्धी कार्य निजीकरण समितिले स्वदेशी विशेषज्ञहरुको टोली वा आवश्यक परे स्वदेशी र विदेशी विशेषज्ञहरुको संयुक्त टोलीबाट गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विशेषज्ञहरुको टोलीले प्रतिष्ठानको मूल्यांकन सम्बन्धी कार्य गर्दा प्रतिष्ठानको सम्पत्ति, शेयरको बजार मूल्य, प्रतिष्ठानले गर्दै आएको नाफा नोक्सानी, प्रतिष्ठानले भविष्यमा गर्न सक्ने उत्पादन, बिक्री नाफा नोक्सानीहरुलाई आधार लिई गर्नु पर्नेछ ।

८. <u>निजीकरणको प्रकृया निर्धारण गर्ने</u> : श्री ५ को सरकारले निजीकरणको लागि वर्गीकृत कुनै प्रतिष्ठानलाई देहायका कुनै वा सबै प्रकृया अपनाई निजीकरण गर्न सक्नेछ :-

(क) प्रतिष्ठानको शेयरहरु जनसाधारण, कर्मचारी,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कामदार तथा त्यस्तो प्रतिष्ठानको व्यवस्थापन सञ्चालन गर्न इच्छुक व्यक्ति वा कम्पनीलाई बिक्री गरेर,

तर यसरी शेयर बिक्री गर्दा प्रतिष्ठानको प्रकृति तथा बित्तीय अवस्था हेरी सम्भव भएसम्म जनसाधारण, कामदार तथा कर्मचारीहरुको बढी सहभागिता गराइनेछ ।

(ख) सहकारीकरण गरेर,

(ग) प्रतिष्ठानको सम्पत्ति बेच बिखन गरेर,

(घ) प्रतिष्ठानको सम्पत्ति भाडामा दिएर,

(ङ) प्रतिष्ठानको व्यवस्थापनमा निजी क्षेत्रलाई सहभागिता गराएर,

(च) समितिको सिफारिशमा श्री ५ को सरकारले उपयुक्त देखेको अन्य कुनै माध्यम अपनाएर ।

९. निजीकरण सम्बन्धी प्रस्ताव : श्री ५ को सरकारले कुनै प्रतिष्ठानलाई निजीकरण गर्दा सो प्रतिष्ठानसंग सम्बन्धित आवश्यक विवरणहरु खुलाई राष्ट्रिय स्तरको कुनै पत्र-पत्रिकामा अन्तर्राष्ट्रिय प्रचलन अनुसार सूचना प्रकाशित गरी निजीकरण सम्बन्धी प्रस्ताव आव्हान गर्नु पर्नेछ ।

१०. प्रस्तावको मूल्याङ्कन : (१) दफा ९ बमोजिम प्रकाशित सूचना अनुसार निजी क्षेत्रबाट प्राप्त प्रस्तावको मूल्याङ्कन समितिले देहायको आधारमा गर्नेछ :-

(क) आकर्षक तथा बढी मूल्य प्रदान गर्ने,

(ख) प्रतिष्ठानलाई साबिककै प्रकृतिमा सञ्चालन गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) कार्यरत कामदार तथा कर्मचारी स्वीकार गर्ने,

(घ) रोजगारीका अवसर वृद्धि गर्ने,

(ङ) व्यवस्थापकीय अनुभव भएको,

(च) स्तरीय व्यावसायिक योजना तथा थप लगानी गरी उद्योग तथा व्यवसाय विस्तार गर्ने ।

(२) उपदफा (१) बमोजिम मूल्याङ्कन गर्दा दुई वा दुई भन्दा बढी लगानीकर्ताहरुको प्रस्ताव मिल्दो जुल्दो देखिएमा नेपाली लगानीकर्ता वा नेपाली लगानीकर्ताहरुको समूहलाई प्राथमिकता दिइनेछ ।

११. निजीकरण गर्दा सम्झौता गर्नु पर्ने : (१) यस ऐन बमोजिम निजीकरण गरिने प्रतिष्ठानलाई निजी क्षेत्रमा हस्तान्तरण गर्नु अगावै लिने दिने दुबै पक्षहरुले पालन गर्नु पर्ने शर्तहरु स्पष्ट रुपमा खुलाई सम्झौता गर्नु पर्नेछ ।

तर पूँजी बजार वा अन्य कुनै माध्यमबाट जनसाधारण, निजीकरण हुने प्रतिष्ठानको कर्मचारी, कामदार तथा निजी क्षेत्रलाई खुला रुपमा शेयर बिक्री वितरण गर्दा कुनै सम्झौता गर्नु पर्ने छैन ।

(२) निजीकरण पश्चात श्री ५ को सरकारले प्राप्त गर्ने भुक्तानीको शर्तहरु स्पष्ट रुपमा उपदफा (१) बमोजिम गरिने सम्झौतामा उल्लेख गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम गरिने सम्झौतामा श्री ५ को सरकारबाट निजी क्षेत्रलाई प्रतिष्ठान हस्तान्तरण हुने समयावधि र श्री ५ को सरकारबाट राखिने अन्य शर्तहरु समेत स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपदफा (१) बमोजिम निजीकरण सम्बन्धी सम्झौता भएको मितिले एक महीनाभित्र त्यस्तो सम्झौतामा उल्लेखित शर्त तथा संक्षिप्त विवरण सर्वसाधारणको जानकारीको लागि प्रकाशित गर्नु पर्नेछ ।

१२. उप-समितिहरु गठन गर्न सक्ने : (१) समितिले निजीकरण गर्ने सम्बन्धमा आवश्यकतानुसार विशेषज्ञहरुको उप-समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उप-समितिहरुको काम कर्तव्य समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१३. विवादको समाधान : (१) श्री ५ को सरकार वा निजीकरणमा सहभागी हुने पक्षको बीचमा निजीकरण सम्बन्धमा भएको सम्झौतामा उल्लिखित कुनै कुरामा विवाद उठेमा त्यस्तो विवादको समाधान सम्बन्धित पक्षहरुले आपसी छलफलद्वारा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विवादको समाधान हुन नसकेमा दुवै पक्षको सहमतिद्वारा त्यस्तो विवादको समाधान मध्यस्थताद्वारा हुन सक्नेछ । यसरी मध्यस्थताद्वारा विवादको समाधान गर्दा मध्यस्थता सम्बन्धी प्रचलित कानून वा अन्तर्राष्ट्रिय व्यापार कानून सम्बन्धी संयुक्त राष्ट्रसंघीय आयोग (अनसिट्रल) को प्रचलित मध्यस्थता नियम बमोजिम गरिनेछ ।

(३) मध्यस्थताको स्थल काठमाडौं हुनेछ र मध्यस्थतामा नेपाल अधिराज्यको प्रचलित कानून लागू हुनेछ ।

१४. कर्मचारी सम्बन्धी व्यवस्था : (१) श्री ५ को सरकारले निजीकरण गरिने प्रतिष्ठानमा कार्यरत कामदारलाई निजहरुले



६५६
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरेको सेवा र पाउने उपदान आदि सुविधा नयाँ लगानीकर्ताको प्रतिष्ठानमा सारी निजहरुको सेवाको निरन्तरता कायम गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सेवाको निरन्तरता कायम गराउन नसकिने अवस्था परी त्यस्तो प्रतिष्ठानमा कार्यरत कर्मचारी, कामदार आदिलाई अवकाश दिनु पर्ने भएमा श्री ५ को सरकारले समितिको सिफारिशमा कर्मचारी र कामदारहरुलाई उपदफा (३) को अधीनमा रही अवकाश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अवकाश दिंदा श्री ५ को सरकारले निजीकरण गर्न लागेको प्रतिष्ठानबाट अवकाश पाउने कार्यरत कर्मचारी वा कामदारहरुको सम्बन्धमा समितिको सिफारिश लिई क्षतिपूर्ति वा सुविधाको मुनासिब व्यवस्था गर्नेछ ।

(४) श्री ५ को सरकारले निजीकरण गर्ने प्रतिष्ठानमा कार्यरत कर्मचारी र कामदारलाई सो प्रतिष्ठानको केही शेयरहरु नि:शुल्क वा कम मूल्यमा उपलब्ध गराउनेछ ।

१५. सुविधा तथा दस्तुर : (१) निजीकरण भएको प्रतिष्ठानले पुरानो उद्योग व्यवसायले पाए सरहको सुविधा पाउनेछ ।

(२) निजीकरण हुने प्रतिष्ठानको जग्गा लगायत संपूर्ण चल अचल सम्पत्तिको हस्तान्तरण गर्दा प्रचलित कानून बमोजिम लाग्ने दस्तुर दुवै पक्षले व्यहोर्नु पर्नेछ ।

१६. प्रतिष्ठान खारेज गर्न सक्ने : (१) श्री ५ को सरकारको पूर्ण स्वामित्व भएको कुनै प्रतिष्ठानलाई निजीकरण गर्ने सम्बन्धमा कारवाही चलाउँदा त्यस्तो प्रतिष्ठानलाई खारेज गर्नु पर्ने मुनासिब कारण देखेमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले नेपाल राजपत्रमा



६७५
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सूचना प्रकाशित गरी त्यस्तो प्रतिष्ठानलाई खारेज गर्न र खारेजी प्रकृयाको सम्बन्धमा छुट्टै व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम खारेज भएको प्रतिष्ठानको उठ्न बाँकी रकमहरु सरकारी बाँकी सरह असुल उपर गर्न सकिनेछ।

(३) श्री ५ को सरकारले उपदफा (१) बमोजिम खारेज गरेको प्रतिष्ठानको सम्पत्ति वा दायित्व अन्य निकायलाई हस्तान्तरण गर्न वा काम नलाग्ने सम्पत्ति तथा उठ्न नसक्ने दायित्वहरु समितिको सिफारिशमा मिन्हा गर्न सक्नेछ ।

(४) प्रतिष्ठानको सम्पत्तिबाट त्यस्ता प्रतिष्ठानको सबै दायित्व भुक्तान हुन नसकेमा प्रचलित कानून बमोजिम बाँकी दायित्वको फछ्र्यौट गर्नु पर्नेछ ।

१७. श्री ५ को सरकारले आदेश वा निर्देशन दिन सक्ने : श्री ५ को सरकारले निजीकरणको सम्बन्धमा सम्बन्धित प्रतिष्ठान वा व्यक्तिलाई आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ र त्यस्तो आदेश वा निर्देशनको पालना गर्नु सम्बन्धित प्रतिष्ठान वा व्यक्तिको कर्तव्य हुनेछ ।

१८. सजाय : कसैले यो ऐन वा यस ऐन अन्तर्गत भएको सम्झौताको पालन गर्न गराउनमा वा निजीकरण गर्ने कार्यमा कुनै पनि किसिमको बाधा अवरोध खडा गरेमा श्री ५ को सरकारले त्यस्तो व्यक्तिलाई दुई महीनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय गर्न सक्नेछ ।

१९. अधिकार प्रत्यायोजन : यस ऐन बमोजिम समितिले आफूलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकतानुसार केही अधिकार समितिको अध्यक्ष, सदस्य वा सदस्य-सचिव, उप-समिति वा उप-समितिको कुनै सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित प्रति पछि मात्र लागु हुनेछ।

२०. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न श्री ५ को सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

२१. बाधा अडकाउ फुकाउने अधिकार : यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अडकाउ परेमा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आदेश जारी गरी त्यस्तो बाधा अडकाउ हटाउन सक्नेछ ।

२२. यसै ऐन बमोजिम हुने : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनमा लेखिए जति कुरामा यसै ऐन र अन्य कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

लालमोहर सदर मिति:- २०५०।९।१९।२

आज्ञाले,
वेदव्यास क्षेत्री
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

# भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बाइसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०५० सालको ऐन नं. ३२

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐ रामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### पूर्वाञ्चल विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना** : प्रतिस्पर्धात्मक आधारमा शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्न तथा स्वस्थ शैक्षिक संरचनाको विकास गर्न कला, विज्ञान, कानून, व्यवस्थापन, शिक्षा, प्रविधि लगायत अन्य विषयहरुको अध्ययन, अध्यापन र अनुसन्धानको लागि मुख्यरुपमा जनस्तरबाट उच्च तहको शिक्षण


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
६६९

संस्थाहरुको सञ्चालन गर्न पूर्वाञ्चल विश्वविद्यालयको स्थापना गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बाइसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "पूर्वाञ्चल विश्वविद्यालय ऐन, २०५०" रहेकोछ ।

(२) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा ,-

(क) "विश्वविद्यालय" भन्नाले दफा ३ बमोजिम स्थापित पूर्वाञ्चल विश्वविद्यालय सम्झनु पर्छ ।

(ख) "सभा" भन्नाले दफा ७ बमोजिमको विश्वविद्यालय सभा सम्झनु पर्छ ।

(ग) "प्राज्ञिक परिषद्" भन्नाले दफा १० बमोजिमको प्राज्ञिक परिषद् सम्झनु पर्छ ।

(घ) "कार्यकारी परिषद्" भन्नाले दफा १२ बमोजिमको कार्यकारी परिषद् सम्झनु पर्छ ।

(ङ) "साधन-श्रोत परिषद्" भन्नाले दफा १४ बमोजिमको साधन- श्रोत परिषद् सम्झनु पर्छ ।

(च) "डीन" भन्नाले विश्वविद्यालय अन्तरगत स्थापित विभिन्न संकायका प्रमुख सम्झनु पर्छ ।

(छ) "क्याम्पस" भन्नाले विश्वविद्यालयको आङ्गिक क्याम्पस सम्झनु पर्छ र सो शब्दले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विश्वविद्यालयबाट सम्बन्धन प्राप्त क्याम्पसलाई समेत जनाउनेछ ।

(ज) "शिक्षक" भन्नाले विश्वविद्यालयमा शिक्षा प्रदान गर्ने वा अनुसन्धान गर्ने गराउने प्राध्यापक, सह-प्राध्यापक, उप-प्राध्यापक तथा सहायक प्राध्यापक सम्झनु पर्छ र सो शब्दले विश्वविद्यालयका विभिन्न तहका प्रशिक्षक तथा यस ऐन अन्तरगत बनेको नियममा शिक्षक भनी तोकिएको व्यक्तिलाई समेत जनाउनेछ ।

(झ) "सेवा आयोग" भन्नाले दफा १९ बमोजिमको सेवा आयोग सम्झनु पर्छ ।

(ञ) "विद्या परिषद्" भन्नाले दफा २९ बमोजिमको विद्या परिषद् सम्झनु पर्छ ।

(ट) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तरगत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. विश्वविद्यालयको स्थापना : (१) कला, विज्ञान, कानून, व्यवस्थापन, शिक्षा, प्राविधिक र तोकिएका अन्य विषयको उच्च तहका शिक्षण संस्थाहरुको सञ्चालनको लागि पूर्वाञ्चल विश्वविद्यालयको स्थापना गरिएकोछ ।

(२) विश्वविद्यालयको केन्द्रीय कार्यालय पूर्वाञ्चल विकास क्षेत्रको विराटनगरमा रहनेछ ।

४. विश्वविद्यालय स्वशासित सङ्गठित संस्था हुने : (१) विश्वविद्यालय अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) विश्वविद्यालयको सबै काम कारबाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(३) विश्वविद्यालयले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) विश्वविद्यालयले व्यक्ति सरह नालिस उजूर गर्न र विश्वविद्यालय उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

५. विश्वविद्यालयको सङ्गठन : विश्वविद्यालयको सङ्गठन देहाय बमोजिम हुनेछ र यिनीहरुको सामूहिक रुप नै विश्वविद्यालयको स्वरुप हुनेछ :-

(क) सभा
(ख) प्राज्ञिक परिषद्
(ग) कार्यकारी परिषद्
(घ) साधन-श्रोत परिषद्
(ङ) क्याम्पस
(च) संकाय
(छ) सेवा आयोग
(ज) तोकिएका अन्य निकायहरु

६. विश्वविद्यालयका पदाधिकारीहरु: विश्वविद्यालयमा देहाय बमोजिमका पदाधिकारीहरु रहनेछन्:-

(क) कुलपति
(ख) सह-कुलपति
(ग) उप-कुलपति


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
6628

(घ) रजिष्ट्रार

(ङ) डीन

(च) सेवा आयोगको अध्यक्ष

(छ) तोकिएका अन्य पदाधिकारीहरु

७. सभाको गठन : (१) विश्वविद्यालयमा सर्वोच्च निकायको रुपमा एक सभा रहनेछ ।

(२) सभाको गठन देहाय बमोजिम हुनेछः-

(क) कुलपति -अध्यक्ष

(ख) सह-कुलपति -उपाध्यक्ष

(ग) उप-कुलपति -सदस्य

(घ) पूर्वाञ्चल विकास क्षेत्रका संसद सदस्यहरुमध्येबाट तीनजना -सदस्य

(ङ) अन्य विश्वविद्यालयका उप-कुलपतिहरु -सदस्य

(च) सदस्य, राष्ट्रिय योजना आयोग (शिक्षा हेर्ने) -सदस्य

(छ) सचिव, शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालय -सदस्य

(ज) सचिव, अर्थ मन्त्रालय -सदस्य

(झ) लब्ध प्रतिष्ठित विद्वानहरुमध्येबाट पाँचजना -सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ञ) डीनहरु -सदस्य

(ट) विश्वविद्यालयको केन्द्रीय कार्यालय रहेको नगरपालिकाको प्रमुख समेत रहने गरी पूर्वाञ्चल विकास क्षेत्रका नगरपालिकाका प्रमुखहरुमध्येबाट चारजना -सदस्य

(ठ) क्याम्पस प्रमुखहरुमध्येबाट छजना -सदस्य

(ड) विश्वविद्यालयको विषय समितिका अध्यक्षहरुमध्येबाट तीनजना -सदस्य

(ढ) विश्वविद्यालयका नेपाल प्राध्यापक संघ क्याम्पस इकाईका अध्यक्ष र सचिवको निर्वाचक मण्डलले समानुपातिक एकल संक्रमणीय मतको आधारमा निर्वाचित गरेका पाँचजना शिक्षकहरु -सदस्य

(ण) विश्वविद्यालयको केन्द्रीय कार्यालय रहेको जिल्लाको जिल्ला विकास समितिको सभापति समेत रहने गरी पूर्वाञ्चल विकास क्षेत्रका जिल्ला विकास समितिका सभापतिहरुमध्येबाट चारजना -सदस्य

(त) प्रतिनिधि, प्राज्ञिक परिषद् -सदस्य

(थ) प्रतिनिधि, साधन-श्रोत परिषद् -सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(द) शिक्षा प्रेमी तथा समाजसेवीमध्येबाट चारजना -सदस्य

(ध) उद्योगपति, व्यापारी तथा कृषकहरुमध्येबाट छजना -सदस्य

(न) चन्दादाताहरुमध्येबाट तीनजना -सदस्य

(प) क्याम्पसका स्वतन्त्र विद्यार्थी यूनियनका सभापतिहरुमध्येबाट दुईजना -सदस्य

(फ) अनुसन्धान केन्द्रका प्रमुखहरु -सदस्य

(ब) रजिष्ट्रार -सदस्य-सचिव

(३) पदेन सदस्यहरु बाहेक सभाका अन्य सदस्यहरुको मनोनयन कार्यकारी परिषद्को सिफारिशमा कुलपतिबाट हुनेछ ।

(४) मनोनीत सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ ।

८. सभाको बैठक : (१) सभाको बैठक वर्षको कम्तीमा एक पटक बस्नेछ ।

(२) सभाको बैठकको अध्यक्षता सभाको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता सभाका उपाध्यक्षले गर्नेछ र अध्यक्ष तथा उपाध्यक्षको अनुपस्थितिमा सभाको बैठकको अध्यक्षता उपकुलपतिले गर्नेछ ।

(३) सभाको बैठक सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ र त्यसरी नतोकिएसम्म बैठक सम्बन्धी कार्यविधि सभा आफैले निर्धारण गर्नेछ ।

९. सभाको काम, कर्तव्य र अधिकार : सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) विश्वविद्यालयको नीति निर्धारण गर्ने ।

(ख) विश्वविद्यालयलाई मार्ग दर्शन गर्ने ।

(ग) विश्वविद्यालयको शैक्षिक कार्यक्रमहरुको सञ्चालन र प्रबन्ध गर्ने, गराउने ।

(घ) क्याम्पसहरुको संस्थापन एवं सम्बन्धन बारे आवश्यक प्रबन्ध गर्ने, गराउने ।

(ङ) विश्वविद्यालयबाट प्रदान गरिने उपाधिहरु निर्धारण गर्ने र प्रदान गर्ने ।

(च) विश्वविद्यालयको वार्षिक बजेट र कार्यक्रम स्वीकृत गर्ने ।

(छ) विश्वविद्यालय सम्बन्धी नियमहरु पारित गर्ने ।

(ज) विश्वविद्यालयका आङ्गिक एवं विश्वविद्यालयबाट सम्बन्धन प्राप्त क्याम्पसहरुलाई निर्देशन दिने र मार्ग दर्शन गर्ने ।

(झ) विश्वविद्यालय अन्तरगतका निकायहरुको वार्षिक प्रतिवेदन माथि छलफल गर्ने र कार्यक्रमको मूल्याङ्कन गर्ने ।

(ञ) विश्वविद्यालयको लेखा परीक्षण प्रतिवेदन माथि छलफल गर्ने र स्वीकृति दिने ।

(ट) विश्वविद्यालय अन्तरगतका विभिन्न निकायहरुको शैक्षिक तथा प्रशासनिक नीति निर्धारण गर्ने, गराउने ।



६६०८
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ठ) विश्वविद्यालयको कुनै नयाँ कार्यक्रम सञ्चालन गर्ने अनुमति प्रदान गर्ने ।

(ड) विश्वविद्यालयको आवश्यकता अनुसार विभिन्न समिति, उप-समिति वा कार्य टोलीहरुको गठन गर्ने ।

(ढ) विश्वविद्यालयको पदाधिकारी, शिक्षक तथा कर्मचारीको सेवा तथा शर्त निर्धारण गर्ने ।

(ण) तोकिए बमोजिम अन्य कामहरु गर्ने ।

१०. प्राज्ञिक परिषद्को गठन : (१) विश्वविद्यालयको शैक्षिक तथा प्राज्ञिक निकायको रुपमा काम गर्न देहायका सदस्यहरु भएको एक प्राज्ञिक परिषद् हुनेछ :-

(क) उप-कुलपति -अध्यक्ष

(ख) रजिष्ट्रार -सदस्य

(ग) डीनहरु -सदस्य

(घ) विश्वविद्यालयका विभिन्न विषय समितिका अध्यक्षहरुमध्येबाट पाँचजना -सदस्य

(ङ) प्रमुख, पाठ्यक्रम अनुसन्धान तथा विकास केन्द्र -सदस्य

(च) विश्वविद्यालय अनुसन्धान महाशाखा, योजना महाशाखा र समन्वय महाशाखाका प्रमुखहरु -सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) वरिष्ठ प्राध्यापकहरुमध्येबाट दुईजना -सदस्य

(ज) क्याम्पस प्रमुखहरुमध्येबाट चारजना -सदस्य

(झ) लब्ध प्रतिष्ठित विद्वानहरुमध्येबाट दुईजना -सदस्य

(ञ) डीनहरुमध्येबाट उप-कुलपतिले तोकेको व्यक्ति -सदस्य-सचिव

(२) पदेन सदस्यहरु बाहेक अन्य सदस्यहरुको मनोनयन कार्यकारी परिषद्को सिफारिशमा कुलपतिबाट हुनेछ ।

(३) मनोनीत सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ ।

(४) प्राज्ञिक परिषद्को बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ र त्यसरी नतोकिएसम्म बैठक सम्बन्धी कार्यविधि प्राज्ञिक परिषद् आफैले निर्धारण गर्नेछ ।

११. प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार : प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विश्वविद्यालयको पाठ्यक्रम निर्धारण तथा स्वीकृत गर्ने ।

(ख) परीक्षाको किसिम तोक्ने ।

(ग) विद्यार्थी भर्ना सम्बन्धी योग्यता र संख्या निर्धारण गर्ने ।

(घ) अनुसन्धान सम्बन्धी नीति तर्जुमा गर्ने र अनुसन्धान कार्यक्रमहरुलाई स्वीकृति प्रदान गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) विद्यार्थीहरुको शैक्षिक कार्यक्रमको मूल्याङ्कन गर्ने ।

(च) शिक्षण र अनुसन्धानको स्तर निर्धारण गर्ने ।

(छ) मानार्थ उपाधिहरुको व्यवस्था गर्ने ।

(ज) तोकिए बमोजिमका अन्य कामहरु गर्ने ।

१२. <u>कार्यकारी परिषद्को गठन</u> : (१) विश्वविद्यालयको कार्यकारी निकायको रुपमा काम गर्न देहायका सदस्यहरु भएको एक कार्यकारी परिषद् हुनेछ:-

| | | |
|---|---|---|
| (क) | उप-कुलपति | -अध्यक्ष |
| (ख) | डीनहरुमध्येबाट दुईजना | -सदस्य |
| (ग) | शिक्षकहरुमध्येबाट एकजना | -सदस्य |
| (घ) | रजिष्ट्रार | -सदस्य-सचिव |

(२) उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिमका सदस्यहरुको मनोनयन उप-कुलपतिको सिफारिशमा सभाले गर्नेछ ।

(३) मनोनीत सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ ।

(४) कार्यकारी परिषद्को बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ र त्यसरी नतोकिएसम्म बैठक सम्बन्धी कार्यविधि कार्यकारी परिषद् आफैले निर्धारण गर्नेछ ।

१३. <u>कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार</u> : कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

661

(क) सभाको निर्णय एवं निर्देशनहरु कार्यान्वयन गर्ने, गराउने ।

(ख) राष्ट्रिय शिक्षा नीतिको परिधि भित्र रही आफ्नो कार्य सञ्चालन गर्ने, गराउने ।

(ग) सभामा पेश हुने वार्षिक कार्यक्रम, बजेट, प्रगति विवरण, लेखा परीक्षण प्रतिवेदन र अन्य प्रस्तावहरु तयार गर्ने ।

(घ) तोकिए बमोजिम अन्य कामहरु गर्ने, गराउने ।

१४. साधन-श्रोत परिषद्को गठन : (१) विश्वविद्यालयको भौतिक साधन र आर्थिक श्रोतको सङ्कलन तथा परिचालन गर्ने कामको लागि देहाय बमोजिमका सदस्यहरु भएको एक साधन-श्रोत परिषद् हुनेछ :-

(क) कार्यकारी परिषद्बाट मनोनीत व्यक्ति -अध्यक्ष

(ख) डीनहरुमध्येबाट तीनजना -सदस्य

(ग) क्याम्पस प्रमुखहरुमध्येबाट तीनजना -सदस्य

(घ) उद्योगपति, व्यापारी, कृषक तथा चन्दादाताहरुमध्येबाट आठजना -सदस्य

(ङ) विश्वविद्यालयको केन्द्रीय कार्यालय रहेको नगरपालिकाको प्रमुख समेत रहने गरी पूर्वाञ्चल विकास क्षेत्रका नगरपालिकाका प्रमुखहरुमध्येबाट चारजना -सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) विश्वविद्यालयको केन्द्रीय कार्यालय रहेको जिल्लाको जिल्ला विकास समितिको सभापति समेत रहने गरी पूर्वाञ्चल विकास क्षेत्रका जिल्ला विकास समितिका सभापतिहरुमध्येबाट चारजना -सदस्य

(छ) लब्ध प्रतिष्ठित व्यक्तिहरुमध्येबाट तीनजना -सदस्य

(ज) रजिष्ट्रार -सदस्य-सचिव

(२) पदेन सदस्यहरु बाहेक अन्य सदस्यहरुको मनोनयन कार्यकारी परिषद्ले गर्नेछ ।

(३) अध्यक्ष र मनोनीत सदस्यहरुको पदावधि चार वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरुको पुन: मनोनयन हुन सक्नेछ ।

(४) साधन-श्रोत परिषद्को बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ र त्यसरी नतोकिएसम्म बैठक सम्बन्धी कार्यविधि साधन-श्रोत परिषद् आफैले निर्धारण गर्नेछ ।

१५. साधन-श्रोत परिषद्को काम, कर्तव्य र अधिकार : साधन-श्रोत परिषद्को काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१६. क्याम्पसहरुको सञ्चालन : (१) विश्वविद्यालयले उच्च शिक्षा प्रदान गर्न राष्ट्रिय शिक्षा नीति अनुरुप विभिन्न विषयका क्याम्पसहरुको स्थापना तथा सञ्चालन गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 662

(२) उपदफा (१) बमोजिम विश्वविद्यालयबाट स्थापना तथा सञ्चालन गरिने क्याम्पस सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१७. क्याम्पसहरुको हस्तान्तरण सम्बन्धी व्यवस्था : (१) यो ऐन प्रारम्भ हुँदाका बखत त्रिभुवन विश्वविद्यालयको आङ्गिक क्याम्पसको रुपमा सञ्चालन भएका नेपाल अधिराज्यभित्रका कुनै क्याम्पसहरु विश्वविद्यालयको आङ्गिक क्याम्पसको रुपमा रहन चाहेमा त्रिभुवन विश्वविद्यालयको स्वीकृति लिई तोकिएका आधारमा त्यस्ता क्याम्पसहरु विश्वविद्यालयमा हस्तान्तरण हुन सक्नेछन् ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत त्रिभुवन विश्वविद्यालयसंग सम्बन्धन प्राप्त नेपाल अधिराज्यभित्रका कुनै क्याम्पसहरु सो क्याम्पसको सहमतिको आधारमा विश्वविद्यालयले सम्बन्धन प्रदान गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम कुनै क्याम्पसले विश्वविद्यालयसंग सम्बन्धन प्राप्त गर्न चाहेमा त्यसको अग्रिम जानकारी त्रिभुवन विश्वविद्यालयलाई दिनु पर्नेछ ।

(४) क्याम्पसहरुको हस्तान्तरण तथा सम्बन्धन प्रदान गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१८. संकाय : (१) विश्वविद्यालयबाट सञ्चालन गरिने उच्च शिक्षाको लागि तोकिएका विषयहरुमा तोकिए बमोजिमका संकायहरु रहनेछन् ।

(२) उपदफा (१) बमोजिम रहने संकायहरुको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१९. सेवा आयोगको गठन : (१) विश्वविद्यालयको शिक्षक तथा कर्मचारीहरुको नियुक्ति तथा बढुवाको लागि सिफारिश गर्न देहाय बमोजिमको एक सेवा आयोग हुनेछ :-

(क) कुलपतिबाट नियुक्त व्यक्ति -अध्यक्ष

(ख) सदस्य, लोक सेवा आयोग -सदस्य

(ग) प्राध्यापकहरु मध्येबाट एकजना -सदस्य

(२) उपदफा (१) को खण्ड (क) र (ग) बमोजिमका अध्यक्ष र सदस्यको नियुक्तिको लागि सिफारिश पेश गर्न कुलपतिबाट सह-कुलपतिको अध्यक्षतामा सभाका दुईजना सदस्यहरु रहेको एक समिति गठन हुनेछ र सो समितिको सिफारिशमा कुलपतिबाट अध्यक्ष र सदस्यको नियुक्ति हुनेछ ।

(३) उपदफा (२) बमोजिम नियुक्त हुने अध्यक्ष तथा सदस्यको पदावधि चार बर्षको हुनेछ ।

(४) सेवा आयोगको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ र त्यसरी नतोकिएसम्म बैठक सम्बन्धी कार्यविधि सेवा आयोग आफैले निर्धारण गर्नेछ ।

२०. सेवा आयोगको अन्य काम, कर्तव्य र अधिकार : सेवा आयोगको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२१. सेवा आयोगको अध्यक्ष तथा सदस्यको पारिश्रमिक र सुविधा : सेवा आयोगको अध्यक्ष तथा सदस्यको पारिश्रमिक, सुविधा र सेवाका शर्तहरु तोकिए बमोजिम हुनेछ ।

२२. कुलपति : (१) प्रधानमन्त्री विश्वविद्यालयको कुलपति हुनेछ ।



605
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) कुलपति विश्वविद्यालयको प्रमुख र सभाको अध्यक्ष हुनेछ ।

(३) कुलपतिले विश्वविद्यालय वा विश्वविद्यालयसंग सम्बन्धित जुनसुकै विषय वा वस्तुको निरीक्षण गर्न र आवश्यक निर्देशन दिन सक्नेछ ।

२३. सह-कुलपति : (१) शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्री वा राज्य मन्त्री विश्वविद्यालयको सह-कुलपति हुनेछ ।

(२) सह-कुलपतिले आवश्यकता अनुसार विश्वविद्यालयको निरीक्षण गर्न र निर्देशन दिन सक्नेछ ।

२४. उप-कुलपति : (१) उप-कुलपति विश्वविद्यालयमा पूरा समय काम गर्ने प्रमुख पदाधिकारी हुनेछ ।

(२) उप-कुलपति पदमा नियुक्तिको लागि सिफारिश पेश गर्न कुलपतिबाट सह-कुलपतिको अध्यक्षतामा सभाका दुईजना सदस्यहरु रहेको एक समिति गठन हुनेछ र सो समितिको सिफारिशमा कुलपतिबाट उप-कुलपतिको नियुक्ति हुनेछ ।

(३) उप-कुलपतिको पदावधि चार वर्षको हुनेछ ।

(४) उप-कुलपतिको पारिश्रमिक, सुविधा र सेवाका शर्तहरु तोकिए बमोजिम हुनेछ ।

२५. उप-कुलपतिको काम, कर्तव्य र अधिकार : (१) उप-कुलपतिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विश्वविद्यालयको सवै काम कारवाही उपर उप-कुलपतिको सामान्य नियन्त्रण रहनेछ र निजले विश्वविद्यालयको काम कारवाहीमा निर्देशन दिन र रेखदेख गर्न सक्नेछ ।



६०६८
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) उप-कुलपतिले सभाको निर्णय र निर्देशनहरु कार्यान्वयन गर्नु, गराउनु पर्नेछ ।

(ग) यो ऐन वा यस ऐन अन्तरगत बनेका नियममा कुनै निकाय वा पदाधिकारीले गर्ने भनी उल्लेख भएका कामहरु बाहेक अन्य कामहरु उप-कुलपतिले गर्नेछ । त्यस बमोजिम गरेको कामको जानकारी उप-कुलपतिले तुरुन्त कुलपतिलाई गराउनु पर्नेछ र लगत्तै यसपछि बस्ने सभाको बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

(घ) सभामा पेश हुने विषयहरु उप-कुलपति मार्फत पेश हुनेछन् ।

(ङ) उप-कुलपतिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२६. रजिष्ट्रार : (१) विश्वविद्यालयको रजिष्ट्रारको नियुक्ति उप-कुलपतिको सिफारिशमा कुलपतिबाट हुनेछ ।

(२) रजिष्ट्रार विश्वविद्यालयमा पूरा समय काम गर्ने पदाधिकारी हुनेछ ।

(३) रजिष्ट्रारको पदावधि चार वर्षको हुनेछ ।

(४) रजिष्ट्रारको काम, कर्तव्य र अधिकार तथा पारिश्रमिक, सुविधा र सेवाका शर्तहरु तोकिए बमोजिम हुनेछ ।

२७. डीन : (१) डीनको नियुक्ति उप-कुलपतिबाट हुनेछ ।

(२) डीनको पदावधि चार वर्षको हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
666

(३) डीनको काम, कर्तव्य, अधिकार तथा पारिश्रमिक, सुविधा र सेवाका शर्तहरु तोकिए बमोजिम हुनेछ ।

२८. <u>अन्य पदाधिकारी</u> : (१) विश्वविद्यालयमा तोकिए बमोजिमका अन्य पदाधिकारीहरु रहनेछन् ।

(२) अन्य पदाधिकारीहरुको नियुक्ति, काम, कर्तव्य र अधिकार तथा पारिश्रमिक, सुविधा र सेवाका शर्तहरु तोकिए बमोजिम हुनेछ ।

२९. <u>विद्या परिषद्को गठन</u> : (१) प्रत्येक संकायमा शैक्षिक तथा प्राज्ञिक कार्यक्रमहरुको सञ्चालनका लागि तोकिए बमोजिमको एक विद्या परिषद् रहनेछ ।

(२) उपदफा (१) बमोजिमको विद्या परिषद् अन्तरगत तोकिए बमोजिमका विषय समितिहरु रहनेछन् ।

(३) विद्या परिषद् र सो अन्तरगतमा रहने विषय समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिमं हुनेछ ।

३०. <u>अनुसन्धान केन्द्रहरुको स्थापना र सञ्चालन</u>: (१) विश्वविद्यालयले शैक्षिक, प्राज्ञिक तथा अनुसन्धान सम्बन्धी कार्य गर्नको लागि विभिन्न अनुसन्धान केन्द्रहरु स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने अनुसन्धान केन्द्रहरुको काम, कर्तव्य र अधिकार तथा सञ्चालन विधि तोकिए बमोजिम हुनेछ ।

३१. <u>विश्वविद्यालयको कोष</u> : (१) विश्वविद्यालयको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहनेछन्:-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) श्री ५ को सरकारबाट प्राप्त सहयोग वा अनुदान रकम,

(ख) कुनै व्यक्ति वा संस्थाले चन्दा, दान, दातव्य र आर्थिक सहायता स्वरुप प्रदान गरेको रकम,

(ग) उद्योग, व्यापार व्यवसायसंग सम्बद्ध व्यक्ति वा संस्थाबाट प्राप्त सहयोग एवं अनुदानको रकम,

(घ) पूर्वाञ्चल विकास क्षेत्रका जिल्ला विकास समिति, नगरपालिका तथा गाँउ विकास समितिहरुबाट प्राप्त सहयोग एवं अनुदानको रकम,

(ङ) अन्तरराष्ट्रिय संघ, संस्था, विदेशी सरकार वा एजेन्सी वा वित्तीय संस्थाहरुबाट प्राप्त सहयोग एवं ऋणको रकम,

(च) शुल्क वा अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

(२) उप-दफा (१) को खण्ड (ङ) बमोजिम विश्वविद्यालयले कुनै रकम प्राप्त गर्दा श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ ।

(३) विश्वविद्यालयको कोषको रकम तोकिएको बैंकमा खाता खोली जम्मा गरिनेछ र विश्वविद्यालयको कोष र खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(४) विश्वविद्यालयको सवै खर्चहरु उपदफा (१) बमोजिमको कोषबाट ब्यहोरिनेछ ।

३२. लेखा र लेखा परीक्षण : (१) विश्वविद्यालयको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) विश्वविद्यालयको लेखा परीक्षण सभाद्वारा नियुक्त लेखा परीक्षकबाट हुनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३३. उपाधि र प्रमाणपत्र दिने तथा समकक्षता एवं स्तर निर्धारण गर्ने: (१) तोकिएको उच्च शिक्षा हासिल गर्ने विद्यार्थी, प्रशिक्षार्थी वा अनुसन्धानकर्तालाई विश्वविद्यालयले तोकिए बमोजिमको प्रमाणपत्र दिन र अनुसन्धनात्मक कार्य गर्ने एवं प्राज्ञिक क्षेत्रमा प्रशंसनीय कार्य गर्ने व्यक्तिलाई मानार्थ उपाधि प्रदान गर्न सक्नेछ ।

(२) विश्वविद्यालयले कुनै स्वदेशी वा विदेशी विश्वविद्यालय वा शैक्षिक संस्थाहरुको शैक्षिक उपाधिलाई मान्यता दिन र विश्वविद्यालयका विभिन्न तहका शैक्षिक उपाधिहरुसंग ती उपाधिहरुको समकक्षता एवं स्तर निर्धारण गर्न सक्नेछ ।

३४. विश्वविद्यालयमा भर्ना हुन चाहिने योग्यता : विश्वविद्यालयमा भर्ना हुन चाहिने योग्यता तोकिए बमोजिम हुनेछ ।

३५. राष्ट्रिय शिक्षा नीति अनुरुप कार्य गर्ने : श्री ५ को सरकारको राष्ट्रिय शिक्षा नीति अनुरुप कार्य सञ्चालन गर्नु विश्वविद्यालयको कर्तव्य हुनेछ ।

३६. अधिकार प्रत्यायोजन : (१) सभाले यो ऐन वा यस ऐन अन्तरगत बनेको नियम बमोजिम आफूलाई प्राप्त भएको अधिकार मध्ये सबै वा केही अधिकार प्राज्ञिक परिषद्, कार्यकारी परिषद्, साधन-श्रोत परिषद्, क्याम्पस, संकाय, सेवा आयोग, कुनै पदाधिकारी, विद्या परिषद् वा यस ऐन बमोजिम गठन हुने कुनै समिति, उप-समिति वा कार्यटोलीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) प्राज्ञिक परिषद्, कार्यकारी परिषद्, साधन-श्रोत परिषद्, क्याम्पस, संकाय, सेवा आयोग, कुनै पदाधिकारी वा विद्या परिषद्ले यो ऐन वा यो ऐन अन्तरगत बनेका नियम बमोजिम आफूलाई प्राप्त भएको सबै वा केही अधिकार तोकिएको निकाय वा पदाधिकारीलाई सुम्पन सक्नेछ ।



650

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३७. **श्री ५ को सरकारसंग सम्पर्क** : विश्वविद्यालयले श्री ५ को सरकारसंग सम्पर्क राख्दा शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालय मार्फत राख्नेछ ।

३८. **विघटन हुँदाको परिणाम** : विश्वविद्यालय विघटन भएमा यसको चल अचल जायजेथा श्री ५ को सरकारको हुनेछ ।

३९. **नियम बनाउने अधिकार** : यो ऐनको उद्देश्य कार्यान्वयन गर्न विश्वविद्यालयले आवश्यक नियम बनाउन सक्नेछ ।

लालमोहर सदर मिति:- २०५०।९।१९।२

आज्ञाले,

वेदव्यास क्षेत्री

श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।